बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया जिल्ला, ५ नं. प्रदेश, नेपाल द्धारा प्रकाशित

# बाँसगढी राजपत्र

खण्ड : २ अंक : ५ प्रमाणीकरण मिति :२०७५/०६/१९
प्रकाशन मिति :२०७५/०६/२२

भाग-३

**बाँसगढी नगरपालिका कार्यालयको सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बाँसगढी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५

१. **परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा,

आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५ जारी गरिएको छ ।

२. **परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधान को धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

३. **उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरलरुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. **लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. **ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

६. **परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. **ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची - ३ बमोजिमको ढाँचालाई नै आधार मानि ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची - १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

८. **परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा./गा.पा.को कार्यालयमा राखि वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपी लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ।

९. **विविध :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ।

**अनुसूची १**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय-पत्र

फोटो

प.प. नं.:-

नाम थर : ...........................................

ना.प्र.नं. : .................................

ठेगानाः जिल्ला ........................गा.पा./न.पा.: ...........................

वडा नं.: ........... टोल/गाऊँः ................................................

जन्म मिति : ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरु : ....................................................

पति/पत्नीको नाम : ...............................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ............................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. : ...............................

...........................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम : ............

...........................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

## **अनुसूचि २**

निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति ः

बाँसगढी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

**विषय ः–** ज्येष्ठ नागरिक परिचय पत्र पाऊँ ।

उपरोक्त सम्बन्धमा ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ बमोजिम म...................... .................................. ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५ को अनुसूचि - १ बमोजिमको ढाँचामा ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईपाऊँ भनि तपसिलको व्यक्तिगत विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

नाम ः- श्रीमान/श्रीमतिको नाम ः-

जन्ममिति ः- जन्मस्थान ः-

**स्थायी ठेगाना**

नगरपालिका ः- वडा नं. ः- टोल ः-

नागरिकता नं. ः- रक्त समूह ः-

दिर्घ रोग भए रोगको नाम ः- सेवन गर्ने औषधिको नाम ः-

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण ः-

अवस्था (अशक्त, एकल, असहाय) ः-

संरक्षकको नाम ः- नाता ः- सम्पर्क नं. ः-

निवेदक

दस्तखत ः-

नाम ः-

आज्ञाले,

अम्मरराज खत्री

प्रमुख प्रशासकीय अधिकृत